नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................. शाखा)
सिंहदरबार, काठमाण्डौ

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

माननीय कानून,न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडू र नेपालका लागि भारतीय राजदूतावासको Charge d' affaires, Mrs. Namgya C. Khampa बीच २०७८ साल पौष १४ गते बुधबार कानून,न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

शिष्टाचार भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले लामो समयदेखि नेपाल र भारतका जनता र सरकार बीच ऐतिहासिक रुपमा नै प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै नेपालको आर्थिक, सामाजिक, शैक्षिक विकास तथा कोभिड – १९ संकटको रोकथाम, नियन्त्रण एवम् व्यवस्थापन तथा भूकम्प प्रभावित क्षेको पुनर्निमाणमा भारतको सहयोग र सहकार्यका लागि धन्यवाद दिँदै सहयोगको निरन्तरताको अपेक्षा व्यक्त गर्नुभयो ।

भेटको क्रममा नेपालका लागि भारतीय राजदूतावासको Charge d' affaires, Mrs. Namgya C. Khampa ले नेपाल र भारतबीच धेरै विषयमा समानता रहेको विचार उल्लेख गर्दै नेपालको भौतिक,आर्थिक र शैक्षिक विकासमा भारतको सहयोग सदैव रहने विश्वास व्यक्त गर्नुभयो । नेपालमा भौतिक विकास जस्तै पुल निर्माण र शैक्षिक संस्थाहरुका भवन निर्माण, छात्रवृत्ति लगायतका विषयहरुमा भारतको सहयोग रहने कुरा व्यक्त गर्नुभयो । नेपालको र भारतको लोकतान्त्रिक शासन व्यवस्था, कानूनी राज्य एवम् न्यायिक प्रक्रियामा समेत समानता रहेको विषय उल्लेख गर्दै आउँदा दिनमा समेत एक असल साझेदारको रुपमा सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

मिति :२०७८।०९।१६

(कमलराज गौतम)
उप सचिव एवम् सहायक प्रवक्ता

फोन नं.: ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं. ०१-४२११६८४ इमेल: infolaw@moljpa.gov.np